आज मिति २०७५ साल पौष १२ गते यस माण्डवी गाउँपालिका गाउँकार्यपालिकाको बैठक बसी तपशिलका विषयहरु माथि छलफल तथा निर्णय गरियो ।

*प्रस्तावहरु :-*

१. तरकारी जोन सञ्चालनको लागि माग गर्ने सम्बन्धमा ।

२. रकमान्तर सम्बन्धमा ।

३. पशुसेवा कार्यक्रम कार्यन्वयन कार्यविधि बारे ।

माण्डवी गाउँपालिका गाउँपालिकाको कार्यालय नयाँगाउँ, प्यूठान २०७३

**निर्याणहरु :-**

१. निर्णय नं. १.प्रस्ताव नं. १ माथि छलफल गर्दा यस माण्डवी गाउँपालिका अन्तर्गतका विभिन्न वडाहरु तिराम,मर्कावाङ,नयाँगाउँ, उदयुरकोट, र रम्दी मा कृयाशिल विभिन्न कृषि समुह,कृषि सहकारी समुह लगायत बाट तरकारी खेति व्यवसायिक रुपमा भईरहेको र यस्लाई अझै व्यवसायिकरण गर्नको लागी उपरोक्त स्थानहरुमा व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र( तरकारी जोन) कार्यक्रम सञ्चालन गर्नको लागि प्रधानमन्त्रि ृषि आधुनिकरण परियोजना, परियोजना व्यवस्थापन ईकाई खुमल्टार ललितपुरका प्रधानमन्त्रि कृषि आधुनीकरण परियोजना कार्यान्वयन ईकाई ( धान जोन) प्यूठान मार्फत तरकारि जोन कार्यक्रमको लागि माग गर्ने निर्णय गरियो ।

२ निर्णय नं. २.प्रस्ताव नं. २. माथि छलफल गर्दा माण्डवी गाउँपालिका बाट बाटोको टेन्डर भै बचेको रकम ३५,००,०००।- रुपिया तपशिल अनुसारको बाटोको लागि टेन्डर आह्वान गर्ने निर्णय गरियो अपुग रकमको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

- १. तल्लो सिमलचौर देखि उपल्लो सिमलचौर जोड्ने मोटर बाटो ।
- २. रातापानि देखि मुर्कुटी जोड्ने मोटर बाटो ।
- ३. स्याउलिधारी सल्लिकोट जोड्ने मोटरबाटो

३.निर्णय नं. ३.प्रस्ताव नं. ३. माथि छलफल गर्दा यस माण्डवी गाउँपालिकाको पशुसेवा कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ आगामी कार्यपालिकाको बैठक बाट पेश गर्ने निर्णय गरियो ।

९/१२

शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत